Public Health England

NHS

लण्डनमा बसोबास गर्ने आमाबुबाहरूका लागि जानकारी

# क्षयरोग तथा बिसीजीको खोप र तपाईँको बच्चा

अन्य धेरै देशहरूमा जस्तै युकेमा बिसीजी (ब्यासिलस कालमिटे ग्युरीन) खोप क्षयरोग (टिबी) लागेका व्यक्तिसँग सम्पर्कमा आउन सक्ने सम्भावना भएका बच्चाहरूलाई उपलब्ध गराइन्छ ।

यसमा क्षयरोगको दर उच्च रहेको क्षेत्रमा बसोबास गर्ने बच्चाहरू वा क्षयरोगको दर उच्च रहेको देशबाट आमाबुबा वा हजुरबुबा हजुरआमा आएका बच्चाहरू समावेश छन् ।



immunisation

the safest way to protect your child

लण्डनमा देशका अन्य भागहरूको तुलनामा क्षयरोगको दर उच्च रहेकाले सन् २०१६ देखि लण्डनका कैयन् प्रसुती वार्डहरूले सबै बच्चाहरूलाई बिसीजी खोप उपलब्ध गराउँदै आएका छन् । यद्यपि, लण्डनमा विगत ८ वर्षदेखि क्षयरोग लागेका व्यक्तिहरूको सङ्ख्या वर्षेनी घट्दो दरमा रहेको छ ।

त्यसकारण, सन् २०२० को सेप्टेम्बर महिनादेखि लण्डनमा जन्मेका सबै बच्चाहरूको लागि बिसिजी खोप उपलब्ध हुने छैन । क्षयरोगको दर उच्च रहेको क्षेत्रमा बसोबास गर्ने बच्चाहरू वा क्षयरोगको दर उच्च रहेको देशबाट आमाबुबा वा हजुरबुबा वा हजुरआमा आएका बच्चाहरको लागि बिसीजी खोप उपलब्ध हुन् जारी रहने छ । बिसीजी खोप सामुदायिक क्लिनिकहरूमा उपलब्ध गराइने छ ।

**सन् २०२० को सेप्टेम्बर महिनादेखि, यदि तपाइँले निम्नलिखत प्रश्नहरू मध्ये कुनैको उत्तर हो भनेर दिनु भयो भने तपाईं मिडवाइफ हेल्थ भिजिटर वा जिपीले तपाईं बच्चालाई बिसीजी खोप दिने सामुदायिक क्लिनिकमा रिफर गर्ने छ ।**

- के तपाईं बच्चा, बच्चाको आमा, बुबा वा हजुरबुबा वा हजुरआमा वा तपाईँसँगै बस्ने कोही व्यक्ति क्षयरोग* को उच्च दर भएको देशबाट आएका छन्?
- के तपाईं र तपाईं बच्चा निम्नलिखित मध्येको एउटा देशमा साथी वा परिवारकहाँ बस्न वा रहन जाँदै हुनुहुन्छ ?
- तपाईंसँग बस्ने वा तपाईं बच्चासँग धेरै समय बिताउने कसैलाई अहिले क्षयरोग लागेको छ वा विगतमा क्षयरोग लागेको थियो ?
- के तपाईं न्यूह्याम (Newham) को लण्डन बरा (London Borough) मा बस्नुहुन्छ ?



* www.gov.uk/government/publications/tuberculosis-tb-by-country-rates-per-100000-people

© Crown copyright 2020. उत्पादन कोड: 2020103B. जन स्वास्थ्य ईङ्ल्याण्डको गेटवे नम्बर: 2020103. संस्करण 1. 27-07-2020. यो पोष्टरको प्रतिहरू माथि दिइएको उत्पादन कोड प्रयोग गरेर HealthPublications.gov.uk बाट मगाउन सकिन्छ ।